## अध्याय बाह्र

# गैससको वर्तमान अवस्थाबारे पुनर्विचार

### जग्गाप्राप्ति अभियान जारी छ

"मुक्ति" प्राप्त गरेका कमैयाहरूको जग्गाप्राप्तिको अभियान यो पुस्तक लेखिरहँदा, २००२ सेप्टेम्बरसम्म पनि चलिरहेको छ ।

मेरो केशवसँग पुनः भेटघाट भएको एक महिना पछि २००१ नोभेम्बरमा नेपालमा माओवादी आन्दोलन चर्किएको कारण सरकारद्वारा २३ तारिखबाट नेपालभरि "सङ्कटकालीन अवस्था" को घोषणा गरियो ।[१] सरकारले दबाब दिनका लागि शाही सेनाको परिचालन गर्नुका साथै भेला, जुलुस, सभासम्मेलनजस्ता संविधानप्रदत्त मौलिक हकमाथि पनि प्रतिबन्ध लगायो । नतिजा गैससहरूले कमैयाहरूसँग सम्पर्क राखी भेला, बैठक आदि गर्न पनि सम्भव नभएकोले कमैयाहरूलाई सहयोग गर्ने वातावरण पहिलेभन्दा झन् कठिन हुन गयो ।

अर्कोतिर नेपाल सरकारद्वारा पूर्वकमैयाहरूलाई पुनर्वासका लागि जग्गा मात्र होइन, घर निर्माणका लागि आवश्यक काठ आदिका साथै जीविकाका लागि

---

१ प्रारम्भमा सङ्कटकाल २०५८ मङ्सिर ११ देखि छ महिना भनी लागू गरिएकोमा पछि जेठ १३ गते पुनः तीन महिनालाई थपियो र भदौसम्म लम्बाइयो ।

आवश्यक ऋण न्यूनतम ब्याजमा उपलब्ध गराउने घोषणा गरियो । तर ती सुविधा पहिले जस्तै "पूर्वकमैया" भनी प्रमाण पेस गर्न सक्नेहरूमा मात्र सीमित थियो । उक्त सरकारी सुविधा पाउन नसक्ने पूर्वकमैयाहरूले अब सुकुमबासी जीवन त्यागेर विभिन्न ठाउँमा सरकारी जग्गा कब्जा गरी खेती गर्न थाले । अर्थात् पुनर्वासको वास्तविक अवस्था जाहेर गर्दै कब्जा गरेका जग्गाको स्वामित्वका लागि अगाडि बढे । यो रणनीति पहिले कनरा आयोगले सरकारलाई जग्गाको अधिकार घोषणा गराउन बाध्य पार्ने रणनीतिसँग ठ्याक्कै मिल्थ्यो । त्यो कनरा आन्दोलनबाट पुनर्स्थापित गरिएका पूर्वकमैयाहरूमाथि शाप्ला नीर र स्पेसले सन् १९९९ बाट गर्दै आएको सहयोगबारे तीन वर्षे योजनाको समाप्तिसँगै २००२ मार्चमा नेपाल सरकारद्वारा त्यसको मूल्याङ्कन गरियो ।[२] त्यसले खउरेही समूहको क्रियाकलाप सुरु भएपछि पुनर्वासीहरूभित्र फेरि एकजना पनि ऋणी मजदुर नबनेको भन्ने टिप्पणीसहित राम्रो प्रशंसा पायो ।

शाप्ला नीर र स्पेसले सन् २००२ को अप्रिलसम्ममा नयाँ दीर्घकालीन सहयोग योजना तयार पार्ने सोच बनाएका थिए । तर सङ्कटकालको घोषणाका कारण भावी योजनाबारे बासिन्दाहरूसँग पर्याप्त कुराकानी हुन सकेन । तसर्थ हालको लागि सन् २००२ को एकवर्षे अवधिका लागि प्रौढ शिक्षा र स्वास्थ्य अभियानमा सीमित रहने र यहीबीचमा त्यसपछि के गर्ने भन्ने सम्बन्धमा निर्णय गर्ने कुरा तय भयो । २००० जुलाईको "स्वतन्त्रता घोषणा" पछिका नयाँ पुनर्वासी पूर्वकमैयाहरूको लागि आवश्यक सहयोगबारे अध्ययन सुरु गर्ने योजना पनि बनेको छ । अहिलेसम्मको पुनर्वास सहयोगको अनुभवलाई कसरी प्रयोग गर्दै जाने तथा कमैया सहयोगमा मात्र सीमित नभई अझ बढी मानिसहरूलाई कसरी सहयोग पुऱ्याउन सकिन्छ भन्ने विषय चाहिँ भावी प्रस्ताव बन्यो ।

---

२ नेपालमा काम गर्न चाहने विदेशी गैससले सरकारको गैरसरकारी संस्था हेर्ने विभाग अन्तर्गतको समाज कल्याण परिषद् (Social Welfare Council) सँगको समझदारी पत्रमा हस्ताक्षर गरी कार्ययोजना, बजेट क्रियाकलाप घोषणा, समय आदि स्पष्ट पार्नुपर्ने हुन्छ । क्रियाकलाप घोषणा सम्बन्धमा सरकारले गैरसरकारी संस्थाको स्वीकृति प्राप्त गरी निधो गर्ने, परामर्शदाता अथवा लेखापालद्वारा मध्यकालीन र समाप्तको बेला गरी दुईपटक मूल्याङ्कन गरिन्छ । सरकारले महत्त्व दिने कुरा मूलतः बजेटको उचित प्रयोग र क्रियाकलापका विषयवस्तु सरकारको दीर्घकालीन विकास योजनासँग मिल्छ अथवा मिल्दैन भन्ने बुँदा हो । नेपालमा सन् १९९० को जनआन्दोलनपश्चात् गैससको सङ्ख्यामा वृद्धि भई आर्थिक स्रोतको दुरुपयोग हुन गएको र नाम मात्रका गैससहरूको सङ्ख्यामा पनि वृद्धि भएको कारण सरकारले क्रियाकलापको मूल्याङ्कन गर्न थालेको हो ।

## बुझाइ र अनुभूतिमा अन्तर

कनरा आयोगलाई सहयोग गर्ने प्रस्तावलाई अस्वीकार गर्ने मेरो निर्णय के गलत थियो त ? म अहिले यसरी विचार गरिरहेको छु ।

त्यस बेला मैले "आदिवासीको जग्गाप्राप्तिको कुरा" विकास कार्यलाई लक्षित गरेको गैसस शाप्ला नीरको कार्यक्षेत्रभित्र पर्दैन भनेर अगाडि नै निर्णय गरेको थिएँ । यस परिधिमा रहेर उत्कृष्ट "विकास परियोजना" लाई कसरी अगाडि बढाऊँ भन्ने कुरामा मात्र ध्यान गयो । तर केशवले भनेजस्तै एकचोटी सहयोग गरी हेर्दा राम्रै हुन पनि सक्थ्यो होला । नेताको बोलीचालीमा समस्या भए तापनि कमैया आफूहरूले नै सुरु गरेको जग्गाप्राप्तिको आन्दोलनको लागि सहयोग गर्नु एउटा दुर्लभ अवसर भने पक्कै थियो ।

"कमैया मुक्ति घोषणा" सम्म केशवको कामको मूल्याङ्कन गर्दा अवश्य पनि सर्वोत्कृष्ट अवस्था या साझेदार नभए तापनि अवसरको फाइदा उठाई समयानुसार अर्को काममा जोडिएको थियो । अब अगाडिको मौकालाई कसरी सदुपयोग गर्न सकिन्छ भन्ने कुरामा मैले राम्ररी विचार गर्नुपर्ने थियो होला ।

उदाहरणका लागि रमेशको सहयोग प्रस्तावलाई अस्वीकार गर्न बाध्य भए तापनि कनरा आयोगका अरू सदस्यहरूलाई सहमत गराएर काममा परिचालित गर्न सकिन्थ्यो होला । अथवा कनरा आयोग मात्र होइन कमैयाहरूको जग्गाप्राप्तिको अभियानलाई सम्पूर्णतामा हेरी अरू वैकल्पिक बाटाहरू खोजेको भए पनि हुन्थ्यो होला । कनरा आयोगभन्दा पहिला समेत सानातिना भए पनि कमैयाहरूको जग्गाप्राप्तिका अभियानहरू सञ्चालन भएको कुरा त हाम्रो अनुसन्धानबाट पनि थाहा भएकै हो ।

मैले कावागुचीलाई यो किताबको खेस्रा पढ्न लगाएको बेला सोधेर पनि हेरें, "त्यस बेला कनरा आयोगको सहयोगको प्रस्तावलाई सुरुमै अस्वीकार नगरी एकपल्ट सहयोग गरेर त्यसको परिणामअनुसार निर्णय गर्ने कुनै बाटो नभएकै हो त ?"

यस प्रश्नको उत्तरमा कावागुचीले भन्नुभयो, "आदिवासीको जग्गाप्राप्तिको समस्यामा संलग्न हुनु वा नहुनु एउटा मूलभूत सवाल हो । एकपल्ट सहयोग गरेर सफल भएन भने बीचमा छोड्ने कार्य सोचेजस्तो सजिलो हुँदैन । अनि सफल भएन भने फेरि नगरौंला भन्ने विचार सहित संलग्न भएर काम गर्नु उचित होइन ।"

त्यो पनि हुनसक्छ । तर जग्गा प्राप्तिको आन्दोलनमा संलग्न हुन नसके तापनि केशवहरूले झैँ नेपालको संविधानमा उल्लिखित न्यूनतम मानवअधिकारको उपभोग कमैयाहरूले गर्न पाऊन् भनेर दबाब दिनेखालका कामहरू गर्न त सम्भव हुन्थ्यो होला नि ।

वास्तवमा हाम्रो काम कनरा आयोगको सहयोगको प्रस्तावलाई अस्वीकार गरेपछि जमिनदारको पञ्जामा भएका ऋणी मजदुरहरूलाई सहयोग गर्ने लक्ष्यबाट जमिनदारको पञ्जाबाट मुक्त पूर्वकमैयाहरूको पुनर्स्थापनामा सघाउने काममा सीमित भएको थियो । मुक्त कमैयाहरूलाई पुनः ऋणी मजदुर बन्न नपरोस् भन्ने सवाल पनि त्यत्तिकै महत्त्वपूर्ण एवं ठूलो जिम्मेवारीको काम थियो । त्यसको साथसाथै अझै पनि ऋणी मजदुरको अवस्थामा रहेकाहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनी विचार गर्नु पनि उत्तिकै आवश्यक थियो ।

मैले किन बीचमै ऋणी मजदुरहरूको सहयोगलाई त्यागेको थिएँ त ?

ममा कमैयाप्रति चासो त थियो, तर बाल्यकालदेखि नै दह्रो अनुभव बटुलेका केशव या लामो समयदेखि पुनर्वासमा बस्दै आएका जगतको दाँजोमा यस समस्याबारे अनुभवको अभाव चाहिँ थियो नै । त्यसकारण मैले अवस्थाको बाह्य विश्लेषण गरी त्यसको आधारमा काम गर्ने सोचाइ बनाएँ ।

संयमतापूर्वक अवस्थाको विश्लेषण गर्नु पनि महत्त्वपूर्ण हुन्छ । तर कठिन परिस्थितिमा चुनौतीको सामना गर्दै जानसक्ने साहस प्राप्त गर्नको लागि सुरुमा एक मानवको नाताले पुनर्वासीहरूसँग घुलमिल हुँदै जानुपर्ने रहेछ जस्तो लाग्छ । प्रतिवेदनमा लेखेको कुरा र तथ्याङ्कबाट मात्र होइन, उनीहरूको “क्रोध” र “आँसु” बाट पनि महसुस गनुपर्ने रहेछ । केशव र जगतले जस्तै मैले पनि ऋणी मजदुरहरूको दुःखदायी अवस्थाबारे बुझ्नुपर्ने थियो । यो नबुझेकोले अन्तमा कठिन चुनौतीको सामना गर्नुपर्दा दृढताको अन्तर देखियो । आफूमा दृढता नभएको भन्ने कुरा त म स्वीकार गर्दिन । तर केशव र मेरोबीचमा दृढताको प्रकृति फरक भएको चाहिँ पक्कै हो ।

यो एक नेपाली र जापानीको आआफ्नै पहिचानबाट सिर्जित अन्तर पनि हुनसक्छ । समुद्रपार जापानमा जन्मेहुर्केको व्यक्तिले कमैयाहरूको मार्मिक अनुभव सँगाल्नु मेरो लागि असम्भव कुरा थियो । एक जना जापानीको पुनर्वासीहरूसँगको हेलमेलले गर्दा बासिन्दाहरूको आकाङ्क्षा बढ्न गई उल्टो काममा बाधा हुन पनि सक्थ्यो ।

## गरिबी र मानवअधिकारः अन्योन्याश्रित सवाल

यो कुरा बुझ्दाबुझ्दै पनि केशवको र मेरो कमैया समस्यामाथिको धारणा फरक फरक हुनुमा के नेपाली र जापानी भन्ने व्यक्तिगत कारण मात्र थियो त ?

शाप्ला नीरले कनरा आयोगको सहयोग प्रस्तावलाई अस्वीकार गर्नुको कारण "एक विदेशी गैससले राजनीतिक समस्यामा संलग्न हुने कुरामा नेपाल सरकारको सहमति रहँदैन" भन्ने नै हो । तर केशव नेपाली भए पनि उहाँ कार्यरत रहेको एक्सन एड त बेलायतको गैसस थियो । अर्थात् यहाँ दुइटा विदेशी गैससको एउटै समस्यामाथिको दृष्टिकोण भिन्नाभिन्नै किसिमको छ ।

मैले एक्सन एडबारे अध्ययन गर्दै जाँदा सन् १९९९ देखि "गरिबी मानवअधिकारको विषयसित गाँसिएकोले गरीबहरू स्वयंले आधारभूत मानवअधिकार प्राप्त गर्दै समाधान गर्नुपर्छ" भन्ने संस्थाको धारणा रहेको थाहा पाएँ ।[३]

यहाँ आधारभूत मानवअधिकार भन्नाले "अदालतमा मुद्दा दायर गर्न पाउने अधिकार", "यातना विरूद्धको अधिकार" जस्ता राजनीतिक अधिकारमात्र नभई "खानपिनको अधिकार", "बसोबासको अधिकार", "रोजगारीको अधिकार" जस्ता बाँच्नका लागि अत्यावश्यक न्यूनतम सामाजिक तथा आर्थिक अधिकार पनि भन्न खोजिएको हो । "यी आधारभूत मानवअधिकारको उल्लङ्घन भएमा त्यसको जिम्मेवारी सरकारले बोक्नुपर्ने हुनाले गैससको काम सरकारलाई यो जिम्मेवारीको पालना गर्न दबाब दिनु हो" भन्ने धारणा एक्सन एडको थियो ।

एक्सन एडले गरिबीको समस्याप्रति सुरुदेखि नै मानवअधिकारमा महत्त्व दिने धारणा बोकेको भने थिएन । एक्सन एडको स्थापना संयोगवश शाप्ला नीरको स्थापना भएकै साल सन् १९७२ मा भएको थियो । त्यस बेलाको एक्सन एड कल्याणकारी काममा मात्र सीमित थियो । सन् १९९० को दशकमा "स्थानीय बासिन्दामा आधारित विकास परियोजनाहरू" को सञ्चालनमा जोड दिइएको थियो । यी विकास परियोजनाद्वारा स्थानीय गरीबहरूको जीवनस्तरमा सुधार भए तापनि विकासोन्मुख देशभित्रका धनी र गरीबबीचको दूरी झन्झन् बढ्दै गइरहेको थियो । सन् १९९० को दशकको अन्त्यतिर आएर गरिबी समस्या समाधानको क्षेत्रमा मानवअधिकारलाई महत्त्व दिन पहल गरिएकोमा "पहिलेका

[३] Action Aid, Fighting Poverty Together with Poor 1999-2002. small booklet.

विकास परियोजनाहरूको क्रियाकलापका कारण गरिबी झन् वृद्धि भइरहेको, राजनीतिक तथा संरचनात्मक कारणको अज्ञानताले गर्दा पनि गरिबी उन्मूलन उपलब्धिपूर्ण नभएको" भन्ने अनुभवमा आधारित थियो । अर्थात् एक्सन एडले कमैया समस्यामाथि शाप्ला नीरको भन्दा भिन्नैखालको पहल गर्नुमा जिम्मेवार कर्मचारी केशव हुनुभएको कारण मात्र होइन । सबैले संस्थागत निर्णयलाई सम्पूर्ण तरिकाबाट सहयोग गर्ने स्थिति भएकोले पनि सम्भव थियो ।

सन् २००० जुलाईको "कमैया मुक्ति" घोषणापछि पनि धेरै कमैयाहरूले सहारा पाएनन् । उनीहरू सुकुमबासी हुन विवश भएको यथार्थलाई विचार गर्ने हो भने शाप्ला नीरको भन्दा भिन्दै दृष्टिकोणबाट अध्ययन गर्नुपर्ने आवश्यकता देखियो । मानवअधिकारलाई आधार बनाउँदा सम्बन्धित क्षेत्रको अवस्था राम्ररी नबुझ्ने र सतही निर्णयले न्यायको माग गर्ने खतरा हुन्छ । सबै कमैयाहरूलाई ऋणी मजदुरको संज्ञा दिई एकैपल्ट सबैलाई "मुक्त" गराइएको कारण आफ्नै इच्छाले कमैया हुने एउटा जीवन आधारको अवसर पनि गुमाउन गई बेरोजगार हुन बाध्य भएको यथार्थ यसको ज्वलन्त उदाहरण हो ।[४]

तथापि शाप्ला नीर र एक्सन एड जस्ता दुई विदेशी गैससहरूले कमैया समस्याप्रति गरेको फरक फरक पहलले कमैया समस्यामा मात्र सीमित नरही "बाह्य व्यक्तिहरूले गरिबीको समस्यालाई कसरी लिनुपर्छ ?", "आफ्नो के कस्तो भूमिका हुन्छ ?" र "देशको राजनीतिक र संरचनात्मक कारणले उत्पत्ति भएको अवस्थामा गरिबीको समस्याप्रति बाह्य व्यक्तिहरूको धारणा कस्तो हुनुपर्छ ?" भन्ने आधारभूत सवाल उठाएका छन् । शाप्ला नीरलगायत अन्य विकास

---

४ सन् २००२ मे १ तारिखका दिन उन्नाइस कमैया परिवारद्वारा गाविसमा पेश गरिएको निवेदनपत्र "ऋण मिनाहा", "न्यूनतम ज्यालाको माग", "पुनर्वासका लागि जग्गाको माग" थियो । यी तीन माग एकाएक कसरी "कमैया मुक्ति अभियान" मा परिणत भयो भन्ने कुरा मनमा लागिरहेको थियो । अहिले आएर बल्ल त्यसको कारण थाहा पाएँ । "मुक्ति घोषणा" गरिएको बेला नेपालमा रही मुक्ति अभियानमा संलग्न भएका तात्सुरो फुजिकुराले त्यस बेलाको अनुभवलाई निबन्धमा (Fujikura 2001) लेखेअनुसार मुक्ति अभियान राजधानीसम्म पुगेको साल सन् २००० को जुलाईको सुरुमा अभियानमा संलग्न मुख्य मुख्य व्यक्तिहरूलाई बोलाई नेपालगञ्जमा बैठक गरिएको थियो । त्यस बैठकका संयोजक विवेक पण्डित थिए । एक्सन एडद्वारा भारतबाट झिकाइएका मानवअधिकारवादी कार्यकर्ता विवेकले पहिला केशवसँगै कमैयाहरू कहाँ गई "तिमीहरूमा यो जोखिम व्यहोर्ने क्षमता छ ?" भनेर प्रश्न गरेका थिए । त्यो बैठकमा अभियानको लक्ष्य कसरी निर्धारण गर्ने भन्ने सम्बन्धमा विभिन्न वैचारिक प्रस्तावहरू आए । तर विवेकको "कमैयाहरूको मुक्ति नभई हुँदैन । जमिनदारबाट मुक्त भइसकेपछि मात्र अरू समस्या समाधान गर्न सकिन्छ" भन्ने विचार पारित भएको थियो ।

सहयोगको क्षेत्रमा संलग्न धेरैजसो गैससहरूले अहिलेसम्म गरिबी समस्यालाई मानवअधिकारबाट टाढा राखेर हेर्ने गरे । दुवै पक्षको सम्बन्ध रहेको थाहा भए तापनि यी संस्थाले गरीबहरूलाई शोषण गर्ने र सताउने, हुनेखाने मान्छेको विरोध गर्ने, राजनीति, शिक्षा, स्वास्थ्य, आयआर्जन वृद्धिजस्ता कार्यमा लागेर गरीबहरूको जीवनस्तर उकास्ने कार्यमा लाग्दै आएको पाइन्छ । तसर्थ मानवअधिकारभित्र पनि सामाजिक, आर्थिक अधिकारलाई ध्यान दिई त्यसको संरक्षणको लागि मेहनत गर्दै आएको भन्न सकिन्छ ।

वास्तविकतामा सामाजिक तथा आर्थिक अधिकारको पनि राजनीतिक अधिकारसँग गहिरो सम्बन्ध हुन्छ । कमैयाको परिस्थितिमा भएजस्तै “विकासोन्मुख देशका गरीब किसानहरूको लागि जमिनमाथिको अधिकार जीवनयापनका लागि मूलभूत सवाल हो । यस अर्थमा यो आर्थिक अधिकार हो । साथै जमिनको अधिकार भनेको कानुनी मामिला भएको कारण यसमा अदालती कारवाही जरुरी हुन्छ । यस अर्थमा यो राजनीतिक अधिकार हो” (ODI 1999) । यस्तो परिस्थितिमा गैससहरूले “राजनीतिक समस्यामा संलग्न हुने कुरा सम्बन्धित सरकारले स्वीकार गर्दैन” भनेर चुप लागेर बस्न मिल्छ होला र ?

## स्थानीय नागरिक समाजद्वारा मानवीय हस्तक्षेप

यसरी विभिन्न कुरा सोचिरहेको बेलामा एउटा किताब फेला पर्‍यो । त्यो अन्तर्राष्ट्रिय ईसाइ विश्वविद्यालय, शान्ति अध्ययन केन्द्रका प्रमुख टोसिकी मोगामीले लेख्नुभएको *मानवीय हस्तक्षेप* शीर्षकको किताब थियो । त्यसमा “सङ्कटको अवस्थामा बाह्य व्यक्तिले न्यायका लागि गरिने हस्तक्षेपलाई मान्यता दिने अथवा नदिने” भन्ने मूल विषय थियो । तर अझ आधारभूत बिषय भन्ने हो भने “देशका नागरिकहरूले असह्य पीडा भोग्नु परिरहेको अवस्थामा बाह्य व्यक्तिले कसरी हस्तक्षेप गर्नुपर्छ” भन्ने थियो ।

त्यस पुस्तकमा मोगामीले राज्यका कमजोर वर्गमाथि राज्यद्वारा गरिने शोषण विरुद्ध, पीडितहरूको राहतका लागि गरिने हस्तक्षेप अनेकौं दृष्टिकोणबाट आपत्तिजनक भएको कुरा जनाएका छन् । त्यसको सट्टा “अर्को एउटा मानवीय हस्तक्षेप” स्वरूप ‘पीडितहरूको राहतलाई उद्देश्य बनाइएको नागरिक समाजद्वारा गरिने उद्धारकार्य’ लाई सम्बोधन गर्दै फ्रान्सको गैसस देश-सिमानाविहीन चिकित्सक समूह (Medecines Sans Fronties, एमएसएफ) लाई उदाहरण स्वरूप प्रस्तुत गर्दै किन एमएसएफको

कार्यलाई "हस्तक्षेप" भनिएको हो भनी लेख्छन्, "तिनीहरूले क्रियाकलापमार्फत मानवीय उद्धार विधिलाई जरैदेखि परिवर्तन गरे ।" विशेष गरी एमएसएफको सन् २००० को क्रियाकलाप प्रतिवेदनको सुरुमा जोड दिइएझैँ "सम्बन्धित सम्पूर्ण समूहहरूले अनुमति नदिएसम्म क्रियाकलाप सञ्चालनको सुरुआत नगर्ने भन्ने विधिलाई अस्वीकार गर्ने" भनिएको छ (MSF 2000) । यो राष्ट्रले होइन, नागरिकहरूले हस्तक्षेप गर्ने विचारसहित नयाँ स्वरूपको क्रियाकलापको सुरुआत हो ।

तिनीहरूले "हस्तक्षेप" भन्ने शब्दलाई स्वतन्त्ररूपमा प्रयोग नगरेकोले बाह्य व्यक्तिले आफूखुशी प्रयोग गर्न नमिल्ने पनि हुन सक्दछ र यस संस्थाको क्रियाकलाप राष्ट्रमाथि गरिने सशस्त्र हस्तक्षेपभन्दा अलग छ । तर अनुमतिविना पनि पीडितहरूसम्म पुग्ने भनेको हस्तक्षेप गरेर नै हो ।

हिंसात्मक तरिकाबाट नभई शान्तिपूर्वक, राष्ट्रद्वारा नभई, नागरिकले गर्ने भए तापनि त्यस देशको स्वीकृतिविना गरिने भएकोले त्यो हस्तक्षेप हो (Mogami 2001: 167)।

एमएसएफले इराकको कुर्दक्षेत्र तथा अफगानिस्तानमा स्वीकृतिविना कानूनविपरीत ती क्षेत्रमा पसी उद्धार कार्य गरेको थियो । युद्धकालीन अवस्थामा गरिने यस्ता आकस्मिक उद्धार कार्य फरक भए तापनि यदि शाप्ला नीरले त्यस बेला कमैयाको जग्गा प्राप्तिको अभियानलाई सहयोग गरेको भए "देशको स्वीकृति नभएको" भन्ने अर्थमा "हस्तक्षेप" नै भनिने सम्भावना थियो । "मौलिक अधिकार उल्लङ्घन" को संज्ञा दिइने सम्भावना भएकोले यस्ता हस्तक्षेपहरू समस्याको रूपमा देखिनु स्वाभाविक हो । तर कुनै पनि गैससले देशको स्वीकृतिविना पीडितहरूको उद्धार गर्ने काम साँच्चै "मौलिक अधिकारको उल्लङ्घन" हो त ? भनी मोगामीले प्रश्न उठाएका छन् ।

उद्धार टोलीका सामान्य नागरिकहरूले "मौलिक अधिकारको उल्लङ्घन" गरेका छन् वा छैनन् भन्ने कुरा अन्तर्राष्ट्रिय कानूनअनुसार भन्न अप्ठेरो छ । अनुपातको आधारमा "मौलिक अधिकारको उल्लङ्घन" बाट प्रशासनलाई हानि भएको पनि छैन र त्यस देशका नागरिकको मौलिक अधिकार हनन् भएको पनि छैन । बरु आफ्नै नागरिकको ख्याल गर्न नसकेको भनी झन् त्यसमाथि सहयोगलाई बाधा पुऱ्याइएको ठहर भएमा त्यो सरकारले आफ्नो प्रतिष्ठा गुमाउने सम्भावना पनि हुन्छ । तर यी संरक्षण गर्नुपर्ने मौलिक अधिकार हुन् वा होइनन् भन्ने कुरामा अहिले पनि धेरैले असहमति व्यक्त गरेको पाइन्छ (Mogami 2001: 168-169) ।

यस्तो परिस्थितिमा नागरिकद्वारा गरिने यस किसिमका शान्तिपूर्ण हस्तक्षेपलाई गैससमार्फत देखाइने सक्रियताको महत्त्वलाई कसरी मनन गर्ने र कस्तो "हस्तक्षेप" लाई मान्यता दिने त ? भन्ने प्रश्न भने यथावत रहेको पाइन्छ ।

## गैससको दायित्व

सरकार र संयुक्त राष्ट्र सङ्घअन्तर्गतका संस्थाहरूले गर्ने विकास सहयोगको तुलना गर्दा गैससको सहयोग "स्थानीय नागरिकलाई प्रत्यक्ष फाइदा हुने", "स्थानीय नागरिकको सहभागितालाई महत्त्व दिइने", "सानो स्तरमा भए तापनि लचकता भएको" आदि धारणामा आधारित थिए । तर सन् १९९० को दशकको उत्तरार्द्धदेखि सरकार तथा संयुक्त राष्ट्र सङ्घले पनि पहिलेको आर्थिक उन्नतिलाई मात्र महत्त्व नदिई सामाजिक विकासमा गरिबी उन्मूलन[५] लाई महत्त्व दिन थालेपछि यी विशेषताहरू गैससमा मात्र सीमित रहेनन् । केही वर्षयता देखि त "गैरसरकारी संस्थासँगको सहकार्य" माथि जोड दिई सरकार तथा संयुक्त राष्ट्र सङ्घले गैसससँग साझेदारी गरी विभिन्न विकास परियोनाहरू सञ्चालन गर्दै आएका छन् । साथै यी दुवै पक्षका काममा समानता पनि देखिन थालेको छ ।

---

५ सन् १९९९ को सेप्टेम्बर महिनामा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषसँग सम्बद्ध विशेष राष्ट्रहरूद्वारा स्थापित विकास अन्तरिम आयोगले त्यस बेलासम्मको संरचनात्मक समायोजनको विकल्पस्वरूप विकास योजनाको रूपमा गरिबी उन्मूलन रणनीति पत्र ल्यायो । यो "विकासोन्मुख देशको ऋण माफ" गर्ने उद्देश्यले सन् १९८० मा ल्याइएको संरचनात्मक अध्ययनले सामाजिक अवस्थामा कमजोरलाई बेवास्ता गरेर गरिबीको समस्यालाई झन् कठिन बनाएको प्रतिक्रियास्वरूप प्रस्तावित गरिएको थियो । विस्तृत रूपमा भन्ने हो भने विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषले धेरै ऋणी राष्ट्रहरू (Heavily Indebted Poor Countries, HIPCs) भनी ठहर गरेका राष्ट्रलाई ऋण माफ गर्ने सर्तका रूपमा गरिबी उन्मूलन गर्ने तीनवर्षे आर्थिक सामाजिक विकास योजना प्रतिवेदन तयार पार्नुपर्ने हुन्छ । गरिबी उन्मुलन रणनीति पत्रको मूलआधारमा (१) राष्ट्रको नेतृत्व (२) परिणाम (३) व्यापकता (४) प्राथमिकता (५) राष्ट्र, सहयोगी राष्ट्र, गैरसरकारी संस्था, सो राष्ट्र तथा संस्था आदिको साझेदारी (६) दीर्घकालीन संलग्नताजस्ता छओटा कुरा उल्लेख गरी अहिलेसम्मको संरचनात्मक समायोजनको नकारात्मक पक्षलाई औंल्याइएको थियो । तर विकास योजना प्रतिवेदन तयार पार्न दिइने तीन वर्षको समय भने छोटो भएका कारण वास्तवमा विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोषका कर्मचारीले नै प्रतिवेदनको स्वरूप तयार पार्ने र त्यही प्रतिवेदनको आधारमा धेरैजसो विकासोन्मुख देशहरूले योजना तयार गर्ने गरेको पाइन्छ । अन्तमा विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोषको सञ्चालक समितिले स्वीकार नगरेमा ऋण माफ नहुने भएकोले विकासोन्मुख देशहरूले उनीहरूलाई खुशी पार्ने ढङ्गले योजना बनाउनुपर्ने हुन्छ । "विकासोन्मुख देशको मात्र परिवर्तनको अपेक्षा गरी हेजी फण्ड प्रणाली तथा कृषि उत्पादनको स्वतन्त्र आयात आदिमा दातृ राष्ट्रहरूले पनि जोखिम वेहोर्नुपर्ने जस्ता अन्तर्राष्ट्रिय आर्थिक प्रणालीमा क्रान्ति नभएको" भनी टिप्पणी समेत गरिएको पाइन्छ [अन्तर्राष्ट्रिय विकास जर्नल, सन् २००१ मे, पृष्ठ ९ देखि १५ सम्म] ।

दुई पक्षीय दाता र संयुक्त राष्ट्र सङ्घद्वारा गरिबीको सवालमा देखाइएको गहिरो चासो तथा त्यसको समाधानका लागि गैससँग सहकार्य गर्न थालेको कुरा स्वागत छ। तथापि यस्तो परिस्थितिमा गैससको अस्तित्वको कारण र दायित्व भनेको के हो त ? मेरो विचारमा दुई पक्षीय दाता र संयुक्त राष्ट्र सङ्घले सम्बन्धित राष्ट्रको आन्तरिक राजनीतिमा "हस्तक्षेप" गर्न नसक्ने गरिबीको राजनीतिक, संरचनागत कारणमाथि चुप नलागी विरोधको आवाज उठाई यी समस्या समाधानका लागि वास्तविकतामा आधारभूत कार्य सञ्चालन गर्ने दायित्वमा गैससहरू कति खुलेर लाग्छन् भन्ने हो। मोगामी लेख्छन्:

> मानवीय सहयोग गर्ने गैससमा मात्र सीमित नभई समाजमा पनि प्रभाव पार्नका साथै धेरै नागरिकद्वारा समर्थन प्राप्त गर्ने गैससको दायित्व आफैमा महत्त्वपूर्ण छ। अन्तर्राष्ट्रिय वातावरण संरक्षण सङ्घ (IUCN), विश्व प्रकृति संरक्षण कोष (WWF) तथा ग्रीन पीस इन्टरनेसनल (GPI) जस्ता गैससहरू पृथ्वीबाट लोप हुँदै जान लागेका प्राणीको संरक्षणका लागि कार्यरत छन् भने गरिबी उन्मूलनका लागि OXFAM International तथा अन्तर्राष्ट्रिय ऋण मिनाहाका लागि समर्पित Jubilee 2000 आदि संस्थाहरूले "उपयुक्त कार्यक्रम तयार पार्न नसकेर गरिबीलाई वेवास्ता गरेकोमा" विरोध भइरहेको छ।
>
> एमएसएफ जस्ता संस्थाहरू युद्ध या गरिबीको कारण शारीरिक तथा मानसिक क्षति पुऱ्याइएका व्यक्तिहरूप्रति समर्पित रहँदै आएका छन्। मानव अधिकारवादी संस्था एम्नेष्टि इन्टरनेसनल तथा ह्युमन राइट्स वाच आदि संस्थाहरूको स्थापना पनि मानव भएको नाताले पाउनुपर्ने न्यूनतम अधिकार समेतबाट वञ्चित व्यक्तिका पक्षमा आवाज उठाउनको लागि भएको छ। त्यसै गरी आइसिबिएल तथा इन्टरनसनल एलर्ट जस्ता गैससले अमानवीय युद्धको रोकथाम, हतियारबन्द हिंसाको रोकथामका लागि राष्ट्रहरूको गम्भीर ध्यानाकर्षण गर्ने काम गर्दै आएका छन्।
>
> विभिन्न तर्कहरूको आधारमा समर्थन र विरोधहरू पनि भइरहेको पाइन्छ। तर जुनसुकै नामको संस्था स्थापना भए पनि अन्याय-असमानताको विरोध गर्ने भएकोले एक नागरिकको हैसियतले गर्ने काममा भने कुनै फरक देखिँदैन। नागरिक शब्दले देशको सिमाना र राष्ट्रियतालाई नाघेर सङ्गठित भई काम गर्ने दुवै प्रकारको अर्थ बोकेको हुन्छ (2001: 172-173)।

समस्याको कारण राजनीतिक अथवा संरचनात्मक जे भए तापनि मानिसले त्यसबाट दुःखकष्ट पाइरहेको छ भने चुप लागेर बस्ने र पर्खेर हेर्नुको सट्टा त्यसको विरोधमा बोल्नु पर्छ। राष्ट्रको सीमाभित्र सीमित नभई विश्वको मानवअधिकार या प्रणालीको अवहेलना नगरी कानुनी राज तथा सामाजिक समानताको निर्माण गर्नुपर्ने जिम्मेवारीको दायित्वबोध गर्दै आफ्ना गतिविध सञ्चालन गर्नुपर्छ। यही नै गैससहरूको दायित्व हो भन्ने मलाई लाग्दछ।

## दुई महत्त्वपूर्ण प्रश्नहरू

असमानता विद्यमान रहेको समाजको विरोध गर्दा जे गरे पनि हुन्छ भन्ने चाहिँ होइन। यस अवस्थामा हामीले बिसर्न नहुने दुइटा पक्षहरू छन्। पहिलो, “हामीले सहयोग गर्न खोजेका व्यक्तिहरूले के अपेक्षा गरिरहेका छन् त ?” दोस्रो, “हाम्रो सहयोगले साँच्चै उनीहरूको अवस्थामा सुधार हुने हो त ?”

कमैयाहरूलाई उदाहरणको रूपमा लिने हो भने कमैयाहरूको ऋण मिनाहा, न्यूनतम ज्यालाको सुनिश्चितता, पुनर्वासका लागि आवश्यक जग्गाको माग गरेको कुरा महत्त्वपूर्ण भएकोले शाप्ला नीर तथा एक्सन एडले तिनीहरूको सहयोगबाट साँच्चै नै कमैयाहरूको जीवनस्तरमा सुधार आउँछ कि आउँदैन विश्लेषण गर्न जरुरी थियो। शाप्ला नीरले खउरेही समूहद्वारा गरिएको अन्न खरिदका निम्ति गरेको ऋण सहयोगले पुनर्वासका लागि जग्गा प्राप्त गरिसकेका कमैयाहरूले पुनः जमिनदारको ऋण बेहोर्न पर्ने स्थिति अन्त्य गर्न ठूलो मद्दत मिल्यो। तर त्यस बेला पनि जमिनदारको ऋणमा डुबेका कमैयाहरूलाई भने ऋण मिनाहा, न्यूनतम ज्यालाको सुनिश्चितता तथा पुनर्वासका लागि जग्गा प्राप्तिमा भने कुनै मद्दत पुग्न सकेन। साथै उनीहरूको अवस्थामा सुधार पनि भएन।

अर्कोतिर एक्सन एडले सहयोग गरेको कमैया मुक्ति अभियानबाट त्यस बेला जमिनदारको ऋणमा परेका कमैयाले ऋण मिनाहाको सफलता हासिल गरे। तर कमैयाहरूले संयुक्त माग राख्दै आएको न्यूनतम ज्याला प्राप्ति (त्यसको लागि सर्वोत्तम “रोजगारको सुरक्षा” लाई यथार्थ रूप दिनुपर्ने हुन्छ) मा भने सुधारको सट्टा स्थिति झन् बिग्रँदै गयो। पुनर्वासको सम्बन्धमा भने सरकारबाट केहीले जग्गा प्राप्त गरे तापनि जग्गाविहीन अवस्थामा रहन बाध्य भइरहेका कमैयाहरू पनि अधिक छन्।

कमैयाहरूको मागभित्र उनीहरूको अवस्थालाई सुधार्न सबभन्दा महत्त्वपूर्ण कुरा के थियो त भनी विचार गर्दा पुनर्वासको लागि जग्गा थियो भन्ने तथ्य सर्वविदितै छ। आफैंले खेती गरेर खान सक्ने जग्गा भएमा न्यूनतम ज्याला प्राप्तिको समस्या र पुनः जमिनदारको ऋणमा डुब्नुपर्ने समस्या नै हुँदैनथ्यो। उनीहरूले माग गरेको जग्गा पनि उनीहरूकै पूर्वजहरूले जङ्गल फडानी गरी खेतीयोग्य बनाएका जमिनमाथि बाह्य व्यक्तिहरू आएर अतिक्रमण गरिएका जग्गा नै थिए। उनीहरूमध्ये धेरैले बाउबराजुको पालाको सानो ऋणका निम्ति दाससरहको अवस्था भोग्नु परिरहेको थियो।

यस्ता असमान तथा अन्यायपूर्ण अवस्थाको विरोध गरी राष्ट्र तथा राष्ट्रियताको सीमा पार गरी, एकबद्ध पुनर्स्थापनार्थ जग्गाको निम्ति नेपाल सरकारलाई शान्तिपूर्ण तवरले माग गर्दै जानु नै नागरिक समाज तथा गैससले गर्नुपर्ने पहिलो कार्य थियो भन्ने लाग्दछ ।

## कस्तो संलग्नताको खाँचो थियो त ?

"हामीले सहयोग गर्न लागेका मानिसहरूले के अपेक्षा गरेका छन् त ? हाम्रो सहयोगबाट साँच्चै उनीहरूको अवस्थामा सुधार हुने हो त ?" भन्ने दुई प्रश्नहरू वास्तवमा विकास सहयोगको क्षेत्रमा बराबर आइरहन्छन् । अपेक्षाअनुसारको सहयोग भएमा अवस्थामा सुधार हुन्छ भन्ने केही निश्चित छैन । अपेक्षा ठीक भए तापनि त्यसमा हामीसँग सहयोग गर्ने क्षमता नभएको परिस्थिति पनि हुन सक्छ । दुवै पक्षको आपसी छलफलद्वारा स्थानीय बासिन्दासँगै हामी पनि परिवर्तित हुँदै जानुपर्ने प्रक्रियाको आवश्यकता हुन्छ ।

"स्थानीय बासिन्दाको मौलिक विकास" लाई पुनर्विचार गर्न चाहेकोले नै मैले यो पुस्तक लेखेको हो । तर गम्भीरतापूर्वक विचार गर्ने हो भने "बासिन्दाको मौलिक विकास" भन्ने वाक्यांशमा शाप्ला नीरको कमैया सहयोगको प्रक्रियालाई ठीकसँग व्याख्या गरिएको जस्तो लाग्दैन । किनभने यो वाक्यांशले "बासिन्दाहरूले के गर्ने हो त ?" भन्ने प्रश्नको मात्र अर्थ दिई गैसस पक्षको बेवास्ता गरेको पाइन्छ । यस्तो अवस्थामा हाम्रो त अस्तित्व नै रहेन ।

वास्तवमा हामीले अस्तित्वहीन भएर होइन, विभिन्न विचारधारा तथा दृष्टिकोणबाट बासिन्दाहरूसँग सम्बन्ध बनाऔं भन्ने इच्छाले काम गरेका हुन्छौं । त्यसकारण "बासिन्दाको मौलिक विकास भनेको के हो ?" भन्ने भन्दा पनि "बासिन्दाहरू र हामीबीचको सम्बन्ध कस्तो हुनु पर्दछ ?" भन्ने प्रश्न बढी महत्त्वपूर्ण हुन्छ । कमैया पुनर्स्थापनाको दृष्टिकोणबाट शाप्ला नीर र स्पेसको सम्बन्ध कस्तो थियो त ? भन्ने सम्बन्धमा विचार गरौं ।

एक दिन शाप्ला नीर र स्पेस नामक संस्था मिलेर कमैयाहरूको जग्गाप्राप्तिको अभियानमा निकै चासो रहेको कुरा जनाइयो । त्यसमा रमेशले शाप्ला नीर र स्पेसलाई "जग्गा प्राप्ति अभियानमा सहयोग" का प्रक्रियाहरू पेश गरे । तर शाप्ला नीरले यसलाई अस्वीकार गऱ्यो । यसमा रमेश धेरै रिसाए । यद्यपि अरू पुनर्वासीहरू भने शाप्ला नीर र स्पेससँगको कामलाई निरन्तरता दिन चाहन्थे । साथै कस्तो

तरिकाले संयुक्त रूपमा काम गर्न सकिन्छ भनेर सम्भावनाहरूको खोजी हुँदै थियो । अर्थात् शाप्ला नीर र स्पेस कस्ता खालका संस्था हुन् र के कस्ता काम गर्न सकिन्छ भन्ने कुरा उनीहरूकै तरिकाले अध्ययन गर्दै थिए होला । मैले उनीहरूको समाज तथा जीवनयापनको अवस्थालाई अध्ययन गरी बुझ्ने प्रयास गरिरहे जस्तै ।

यसैबीच इन्द्रले "सबभन्दा पहिला खाद्यान्न खरिदका लागि ऋण दिने र त्यसैलाई माध्यम बनाएर बचत आदि प्रक्रियालाई उनीहरूले नै सञ्चालन गर्दै लैजाने हो भने शाप्ला नीर र स्पेसमार्फत् सहयोग हुनसक्छ होला" भन्ने विचार प्रस्तुत गरे । "यस प्रकारको संलग्नता राम्रो होइन र ?" त्यो वास्तवमा शाप्ला नीरले पनि स्वीकार गर्नुपर्ने सम्बन्ध थियो ।

त्यसकारण शाप्ला नीर र स्पेसको कमैया पुनर्वास सहयोग "स्थानीय बासिन्दा आफूहरूले नै विचार गरी सञ्चालन गर्ने भनी गरेको निर्णयबाट सुरु भएको विकास" भन्दा पनि "आपसी परिस्थिति र अवस्थालाई बुझ्नुका साथै धेरै विचार गरी सुरु गरेको विकास दुवै पक्षले सँगै के गर्न सकिन्छ" भन्दा उपयुक्त हुन्छ । किनभने पुनर्वासीहरूका निम्ति जग्गाप्राप्तिको अभियान र खाद्यान्नको लागि ऋण "आफूले विचार गरेको" पक्षभन्दा पनि "शाप्ला नीरसँग काम गर्न सकिन्छ कि सकिँदैन" भन्ने अर्थमा थियो ।

मलाई "जग्गाप्राप्तिको अभियानमा पनि मिलेर काम गर्न सकिन्थ्यो होला" भन्ने कुरामा निकै सकसक लाग्यो । यो पनि कमैयाहरूका लागि "बासिन्दाको मौलिक विकास भनेको के हो ?" भन्ने होइन "हामीहरूबीच त्यही प्रकारको सहयोग, सम्बन्ध पनि हुन सक्छ" भन्ने कुरामा आधारित सवाल हो ।

विकासोन्मुख देशका बासिन्दाहरूले कुनै अवस्थालाई "प्रमुख" भनेर प्राथमिकता दिएमा अर्थात् "स्थानीय बासिन्दामा आधारित विकास" भनेको विकासोन्मुख देशका बासिन्दाहरूको अवस्था र विचारलाई महत्त्व दिई विकास सहयोग गर्ने साधारण विचारधारा भन्ने बुझिन्छ । तर यहाँ उल्लिखित "प्रमुख" भन्ने शब्दले अर्कै विशेष प्रकारको अर्थ र क्षमता भएको भन्ने पनि जनाउँछ । कमैया जग्गाप्राप्ति अभियानका लागि सहयोगको प्रस्तावलाई शाप्ला नीरले अस्वीकार गरेजस्तै "राजनीतिक गतिविधिमा आधारित" कार्यलाई अहिलेको परिस्थितिमा विकास सहयोगको क्षेत्रमा "स्थानीय बासिन्दाको लागि प्रमुख" विषय भनी मान्यता दिइँदैन । तर "भविष्यको लागि वचत तथा सञ्चय गरी पूँजी लगानीमा आधारित" भएमा "प्रमुख" भनी मान्यता दिन सकिन्छ ।

आज विकासोन्मुख देशहरूमा "विकास" को बहसले सर्वसाधारणको दैनन्दिनीमा एक वा अर्को किसिमले ठूलो सामाजिक प्रभाव पारेको छ । स्थानीय बासिन्दालाई चलनचल्तीको विकासको बहसअनुसार आफूलाई "प्रमुख" विषयमा ढाल्नु पर्ने बाध्यता छ । आफूलाई परिवर्तन नगरी स्थानीयवासी विकास प्रक्रियामा सहभागी हुने अवस्था छैन । यस्तो परिस्थितिमा, के स्थानीय बासिन्दाले चलनचल्तीको विकासे बहसमा सहभागी हुन नचाहनु समस्या हो ? वा हामी बाहिरकाहरूले चल्तीको विकास प्रक्रियामा स्थानीयवासी समाहित भएनन् भनेर उनीहरूलाई पन्छाउनु समस्या हो ?

कमैया समस्या मात्र होइन, आर्थिक समस्या भनिने गरिबी वास्तवमा राजनीतिक संरचनात्मक कारणले हुने अवस्था धेरै हुन्छ। त्यस अवस्थामा स्थानीय बासिन्दाहरूले हामीसँग के कस्तो खालको सम्बन्ध गाँस्न चाहेका छन् र त्यसमा हामी नागरिक समाजको हैसियतमा के कति हदसम्म सहभागी हुन सकिन्छ ? यो प्रश्नको उत्तरका लागि "हामीले गरिबीलाई कुन दृष्टिकोणले हेर्ने त ?" अथवा "त्यसको आधारमा हाम्रो भूमिकालाई कसरी परिभाषित गर्ने ?" भनी एकापसमा विचार गर्नु आवश्यक हुन्छ ।

हामी र बासिन्दाहरूबीच के कस्तो सम्बन्धको आवश्यकता छ त ? गरिबी उन्मूलनलाई संयुक्त राष्ट्र सङ्घ, अन्तर्राष्ट्रिय विकास संस्था, गैरसरकारी संस्था सबैले विकास सहयोगको साझा लक्ष्य बनाई काम गर्ने अहिलेको समयमा माथि उल्लिखित प्रश्न नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो जस्तो मलाई लाग्दछ ।